# स्थानीय राजपत्र

सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ९** **सङ्ख्या : ७** **मिति : २०८२ चैत १२**


**नगर सभाबाट पारित मिति : २०८२ चैत ६**

**प्रमाणीकरण मिति : २०८२ चैत ११**

## भाग-१

# सुन्दरहरैँचा नगरपालिकाको जलस्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८२

सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत रूपमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र नियमन गर्दै जलस्रोतको उपयोगमा विवादशून्य सहनशीलताको नीतिअनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड प. को उपखण्ड (२) मा भएको व्यवस्था कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको १७ औँ नगर सभाले यो ऐन स्वीकृत गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# **सुन्दरहरैँचा नगरपालिकाको जलस्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८२**

**प्रस्तावना** : सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत रूपमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र नियमन गर्दै जलस्रोतको उपयोगमा विवादशून्य सहनशीलताको नीतिअनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड प. को उपखण्ड (२) मा भएको व्यवस्था कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको १७ औँ नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुन्दरहरैँचा नगरपालिकाको जलस्रोत उपयोग तथा व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "जलस्रोत" भन्नाले नगरपालिकाभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त समूह वा संस्था" भन्नाले जलस्रोतको उपयोग गर्न नगरपालिकाबाट दफा ८ र ९ बमोजिम अनुमतिपत्र प्राप्त समूह वा सङ्गठित संस्थालाई सम्झनुपर्छ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित संस्था सम्झनु पर्दछ।

(घ) "उपभोक्ता" भन्नाले जलस्रोत उपयोग गर्ने समूह वा संस्थालाई सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(च) "सेवा शुल्क" भन्नाले अनुमतिपत्र प्राप्त समूह वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोतसम्बन्धी सेवा उपयोग गरे बापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्दछ।

(छ) "नगरपालिका" भन्नाले सुन्दरहरैँचा नगरपालिकालाई सम्झनुपर्दछ।

(ज) "समिति" भन्नाले नगरस्तरीय जलस्रोत समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## जलस्रोतको उपयोगसम्बन्धी प्रबन्ध

**३. जलस्रोतको उपयोग :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

(क) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो निमित्त ओसारपसार गरी खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) आफ्नो जग्गामा सिँचाई गर्न,

(ग) घरेलु उद्योगको रूपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागतम पानीघट्ट वा पानीचक्की चलाउन,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न।

**४. जल उपभोक्ता संस्थाको गठन :** (१) सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने समूह वा संस्थाहरूले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्था दर्ताको लागि तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

५. **जल उपभोक्ता संस्था सङ्गठित संस्था हुने :** (१) जल उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) जल उपभोक्ता संस्थाको सबै कामकारबाहीको निमित्त आफ्नो छुट्टै छाप तथा लेटरप्याड हुनेछ।

(३) जल उपभोक्ता संस्थाले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्तिसरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

६. **जलस्रोत उपयोगको प्राथमिकता क्रम :** (१) नगरपालिका क्षेत्रभित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रमअनुसार गर्नुपर्नेछ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उद्यम,

(ग) सिँचाई,

(घ) जलविद्युत तथा जल यातायात,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) सिमसार प्रवर्धन र बहुउपयोग

(छ) जलपर्यटन प्रवर्धन,

(ज) अन्य उपयोग।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ बमोजिम गठित समितिले दफा ६ को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम बमोजिम उचित रूपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझसमेत गरी सो को आधारमा सम्बन्धित जलस्रोतको

उपयोग गर्न पाउने, नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

७. **नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने** : (१) सुन्दरहरैँचा नगरपालिका आफैँले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक हित र उपयोगका लागि सुन्दरहरैँचा नगरपालिकाले आफ्नो मातहतमा लिई प्रत्यक्ष रूपमा सञ्चालन, व्यवस्थापन तथा विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना बापत कुनै व्यक्ति वा निजी फर्म, कम्पनीको लगानी वा स्वामित्व भएमा नगरपालिकाले सम्बन्धितलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) सुन्दरहरैँचा नगरपालिकाले आफ्नो क्षेत्रभित्र अन्य व्यक्ति, निकाय वा सङ्गठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

८. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :** (१) सुन्दरहरैँचा नगरपालिकाले दफा ६ को उपदफा (१) र (२) बमोजिम विकास गरेको कुनै जलस्रोतसम्बन्धी परियोजनाको निर्माण समाप्त भइसकेपछि उपभोक्ता संस्थालाई आवश्यक सर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधीनमा रही आफूले अनुमतिपत्र प्राप्त गरेसरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

९. **जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि सुन्दरहरैँचा नगरपालिकाले कुनै सङ्गठित संस्था वा व्यक्तिसँग प्रचलित कानूनको अधीनमा रही करार गरी (सार्वजनिक निजी साझेदारीसमेत) सोही करारमा उल्लिखित सर्तहरू बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ।

## परिच्छेद-३

## सर्वेक्षण अनुमतिपत्रसम्बन्धी व्यवस्था

१०. **अनुमतिपत्रको व्यवस्था :** (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति, समूह वा गठित संस्थाले सुन्दरहरैँचा नगरपालिकाको कार्यालय समक्ष तोकिएको कार्यविधिअनुसार अनुमति लिनुपर्नेछ।

(२) अनुमतिपत्र प्राप्त जलस्रोत उपभोक्ता संस्था वा व्यक्तिले जलस्रोत उपयोग गरे बापत सुन्दरहरैँचा नगरपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(३) अनुमतिपत्र प्राप्त जलस्रोत उपभोक्ता संस्थाले लिज वा करारमा सेवा सञ्चालन गर्न दिनुपर्ने अवस्था भएमा सुन्दरहरैँचा नगरपालिकाबाट पूर्वस्वीकृति लिनुपर्नेछ।

(४) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि सिँचाई प्रयोजनका लागि तीन वा सोभन्दा बढी व्यक्ति मिलेर डिप बोरिङ प्रयोग गरेका वा प्रयोग गर्दै आएका व्यक्ति/संस्थाले पनि यसै ऐन बमोजिम दर्ता गर्नुपर्नेछ।

(५) नगरपालिकाले सामूहिक हितका लागि कृषकको समूहलाई दिने भूमिगत डिप बोरिङसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) अनुमतिपत्रको लागि आवश्यक कागजात कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

११. **जलविद्युतको लागि जलस्रोतको उपयोग :** (१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. **अनुमतिपत्र नवीकरण गर्ने :** (१) यो ऐन बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यसम्ममा नवीकरण गर्नुपर्नेछ।

(२) यसअघि कानून बमोजिम दर्ता भएका जल उपभोक्ता संस्थालाई यसै ऐनअनुसार दर्ता भएको मानी नवीकरण गरिनेछ । नवीकरण प्रक्रिया तोकिएको कार्यविधिअनुसार हुनेछ।

(३) उपदफा (२) अनुसार दर्ता भएका जल उपभोक्ता संस्था नगरपालिकामा अधिकार हस्तान्तरण हुनुअघिसम्म नियमित नवीकरण भएको छ भने नियमितसरह मानी नवीकरण दस्तुर लिई नवीकरण हुनेछ तर सम्बन्धित निकायमा दर्ता भई आवश्यक प्रक्रिया पूरा नगरेका जल उपभोक्ता संस्थाको हकमा कार्यविधिले तोकेअनुसार वा नयाँ प्रक्रियाअनुसार दर्ता गर्नुपर्नेछ।

१३. **अनुमतिपत्र खारेज गर्न सकिने :** (१) अनुमतिपत्र प्राप्त समूह वा संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कार्य गरेमा नगरस्तरीय जलस्रोत समितिको निर्णयानुसार तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र आवश्यक सुधार नगरेमा अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नुअघि सम्बन्धित अनुमतिपत्र प्राप्त समूह वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै उपभोक्ता समूह वा संस्था खारेज वा बन्द भएमा सोसँग निहित रहेको सम्पूर्ण सम्पत्ति नगरपालिकाको स्वामित्वमा हुनेछ।

## परिच्छेद-४

## नगरस्तरीय जलस्रोत समिति व्यवस्थापनसम्बन्धी व्यवस्था

१४. **नगरस्तरीय जलस्रोत समितिको गठन :** (१) सुन्दरहरैँचा नगरपालिकाभित्र रहेको जलस्रोत उपयोगको आवश्यक अध्ययन, अनुसन्धान एवम् जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिए बमोजिम नगरेमा अनुमतिपत्र खारेज गर्ने समेतको प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहनेछ।

(२) नगर जलस्रोत समितिमा देहायका पदाधिकारी रहने छन् ।

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र पूर्वाधार विकास समितिका संयोजक — सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरूमध्ये दुई जना महिला — सदस्य

(च) जलस्रोत विज्ञ वा अनुभवी उपभोक्ताहरूबाट कार्यपालिकाले मनोनित गरेको १ जना महिलासहित ३ जना — सदस्य

(छ) सम्बन्धित विषयगत शाखा प्रमुख — सदस्य सचिव

(३) नगरस्तरीय जलस्रोत व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) बैठकको अध्यक्षता नगरस्तरीय जलस्रोत समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपप्रमुखको अध्यक्षतामा बैठक बस्नेछ।

(५) नगरस्तरीय जलस्रोत समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) नगरस्तरीय जलस्रोत समितिको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

**१५. <u>नगरस्तरीय जलस्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :</u>** (१) नगरस्तरीय जलस्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजतपत्र प्रदान गर्न सिफारिस गर्ने ।

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव सङ्कलन गरी सुन्दरहरैँचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।

(ग) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परादेखि जलस्रोत उपयोग सम्बन्धमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने, गराउने ।

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको सर्त बमोजिम जलस्रोतको उपयोग/व्यवस्थापन नभए/नगरेको देखिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्था उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) सुन्दरहरैँचा नगरपालिकाको जलस्रोत व्यवस्थापनसम्बन्धी आवश्यक नीति, कार्यक्रम तथा नियमनसम्बन्धी काम गर्ने ।

(च) नगर क्षेत्रभित्रको जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धमा कुनै समस्या भए त्यसको सुनुवाई गर्ने तथा आवश्यक निर्णय गर्ने ।

(छ) ऐन नियम विपरीत कार्य गर्ने जल उपभोक्ता संस्थाको सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

## परिच्छेद-५

## <u>सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था</u>

**१६. <u>कसुर र सजायसम्बन्धी व्यवस्था :</u>** (१) कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि उल्लङ्घन गरेमा नगरपालिकाले कार्यविधिमा तोकेअनुसार जरिवाना गर्न सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानीनोक्सानी बापतको क्षतिपूर्तिसमेत भराई दिन सक्नेछ।

(३) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई अनुमतिपत्रमा उल्लिखित भएका सर्तहरू पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ।

(४) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ।

(५) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानीनोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै कामकुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्न उद्योग गरेमा निजबाट हानीनोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना हुन सक्नेछ।

**१७. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :** (१) दफा १६ बमोजिमको कसूर गरेको जानकारी हुन आएमा नगरपालिकाले अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

**१८. मुद्दासम्बन्धी व्यवस्था :** (१) संघीय/प्रदेश कानून बमोजिमको सजाय हुने कसूरसम्बन्धी कार्यमा संघीय/प्रदेश कानून लागू हुनेछ। यसका लागि सुन्दरहरैँचा नगरस्तरीय जलस्रोत व्यवस्थापन समितिले सहयोग गर्नेछ।

**१९. पुनरावेदनसम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारीले गरेको निर्णय वा नगरस्तरीय जलस्रोत

व्यवस्थापन समितिबाट कारबाही भएकोमा चित्त नबुझ्ने पक्षले त्यस्तो कारबाही निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६

## विविध

**२०. सेवा उपभोगका सर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने :** (१) अनुमतिपत्र प्राप्त समूह वा जल उपभोक्ता संस्थाले आफूले विकास गरेको जलस्रोतको उपयोगका सेवा अन्य कसैलाई आपसी सर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा बापत शुल्क असुल उपर गर्न सक्नेछ। जल उपभोक्ता संस्थाले माथि उल्लेख भए बमोजिम कसैलाई आपसी सर्तका आधारमा जलस्रोत व्यवस्थापनका लागि उपयोग गर्न दिँदा लाभ लागत विश्लेषणका आधारमा लाभग्राहीहरूको हितलाई ध्यानमा राखी गर्नुपर्नेछ।

(२) अनुमतिपत्र प्राप्त समूह वा जल उपभोक्ता संस्थाले आफूले विकास गरेको जलस्रोतको उपयोगका लागि सेवा प्रदान गर्ने लाभग्राहीबाट मासिक वा वार्षिक रूपमा शुल्क निर्धारण गरी स्वीकृतिका लागि नगरस्तरीय जलस्रोत व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ।

(३) सुन्दरहरैँचा नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए बापतको सेवा शुल्क र अनुमति प्राप्त समूह वा संस्थाले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए बापत मासिक वा वार्षिक रूपमा शुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

**२१. सेवा रोक्न सक्ने :** (१) सेवा उपभोग गरे बापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनधिकार रूपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा सर्त विपरीत सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ।

**२२. उपयोग गर्न दिने :** (१) जलस्रोतको मुहान कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा पर्ने जमिनमा पर्ने रहेछ भने जग्गाधनीले त्यस्तो जलस्रोतको मुहान सार्वजनिक उपयोग गर्न/गराउन दिनुपर्नेछ ।

**२३. जलस्रोत संरचनाको सुरक्षा :** (१) जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा सुन्दरहरैँचा नगरपालिकाले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखी पठाउन सक्नेछ ।

(२) जलस्रोतको मुहानको ५०० मिटर वरिपरि कुनै पनि प्रकारको भौतिक संरचना निर्माण गर्न वा बनाउन पाइने छैन ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि जलस्रोतको मुहानमा क्षति पुऱ्याउने कार्य गर्न पाइने छैन ।

**२४. जलस्रोतलाई प्रदूषित गर्न नहुने :** (१) सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्रको जलस्रोतको प्रदूषण हुने गरी कसैले पनि कुनै किसिमको फोहोरमैला, औद्योगिक निकास, लेदो, विष, रसायन वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्न हुँदैन । विद्युत, तारको प्रयोग गरी जलचरको शिकार गर्नु हुँदैन । यदि त्यसो गरेको पाइएमा नियमानुसारको सजाय वा जरिवाना हुनेछ ।

**२५. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने :** (१) सुन्दरहरैँचा नगरपालिकाभित्रको जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

**२६. बाधा अड्काउ फुकाउ :** (१) यस ऐनको बाधा अड्काउ फुकाउने कार्य सुन्दरहरैँचा नगर कार्यपालिकाले गर्नेछ ।

**२७. <u>ऐनको व्याख्या :</u>** (१) यो ऐनको अक्षर र आशयका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**२८. <u>नियम र कार्यविधि बनाउने अधिकार :</u>** (१) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि सुन्दरहरैँचा नगरपालिकाले नियम र कार्यविधि बनाउन सक्नेछ।

**२९. <u>परिमार्जन तथा संशोधन :</u>** (१) यस ऐनलाई आवश्यकताअनुसार नगर सभाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

**आज्ञाले,**
**गणेश राज कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**